बागमती प्रदेश सरकार

स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

मा.गिर बहादुर तामाङ

मन्त्री



# शुभकामना

सन् २०२६ सेप्टेम्बनर ८ (२०८३ भदौ २३ गते) का दिन **"मानव, पृथ्वी र समृद्धिका लागि साक्षरता"** **(Literacy for Peopie, the Planet and Prosperity)** भन्ने आदर्श वाक्यका साथ मनाउन लागिएको ६० औं अन्तर्राष्ट्रिय साक्षरता दिवसका अवसरमा देश विदेशमा रहनुभएका विद्यार्थी, शिक्षक, अभिभावक, शिक्षाकर्मी लगायत सम्पूर्ण महानुभावहरुमा शुभकामना व्यक्त गर्दछु ।

शिक्षा राष्ट्रको समृद्धि, आर्थिक सामाजिक रुपान्तरण र सभ्य समाज निर्माणको आधार हो । मानव जगतका लागि सामाजिक न्याय, पृथ्वीको उपजमा अन्तरपुस्ता समन्याय र नवप्रवर्तनात्मक राज्य सहितको समृद्धिका लागि डिजिटल साक्षरता र प्रविधिमा आधारित आधुनिक शिक्षा प्रणालीको विकास गर्नु अपरिहार्य रहेको छ।

सङ्घीय शासन प्रणालीको शुरुवात सँगै बागमती प्रदेशलाई साक्षर प्रदेशको रुपमा घोषणा गरिसकिएको छ। निःशुल्क तथा अनिवार्य शिक्षालाई नेपालको संविधानले नागरिकको मौलिक हकको रुपमा व्यवस्थावमोजिम बागमती प्रदेश सरकारले उक्त संवैधानिक राष्ट्रियबोध गरी आधारभूत तहमा निःशुल्क तथा अनिवार्य शिक्षा कार्यक्रम सञ्चालन गर्दै आएको छ । आधारभूत साक्षरता पश्चात डिजिटल साक्षरतामा फड्को मार्दै प्रविधिमा आधारित आधुनिक शिक्षा प्रणालीको विकास गर्न विभिन्न नवप्रवर्तनात्मक शैक्षिक कार्यक्रमहरु समेत कार्यान्वयनमा रहेका छन् ।

मानव, पृथ्वी र समृद्धिका लागि साक्षरतामा जोड दिदै हरित अर्थतन्त्र निर्माणमा टेवा पुग्ने उद्यमशील र आधुनिक सीपयुक्त जनशक्ति उत्पादनमा केन्द्रित शिक्षा प्रणालीको विकास गर्नु हामी सबैको साझा दायित्व हो । यही विषयलाई हृदयङ्गम गर्दै सहअस्तित्त्व र विश्ववन्धुत्त्वको भावना विकास गर्ने दिशामा थप प्रेरणा मिलोस् भनि सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

विक्रम सम्वत् २०८३ भदौ, २३

नेपाल सम्वत् ११४६ गंलागा द्वादशी

..............................

गिर बहादुर तामाङ

मन्त्री